म.प.बै.सं. ५५।०८०

## संवत् २०८० साल फागुन ६ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: तथ्याङ्क नियमावली, २०८० स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

२. अर्थ मन्त्रालय: नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबिच प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट गर्ने र उक्त रकम तत् तत् तहमा हस्तान्तरण गर्ने।

३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय: नेपाल आयल निगम लिमिटेडको कार्यकारी निर्देशक पदमा डा. चण्डिका प्रसाद भट्ट, गोरखालाई नियुक्त गर्ने।

४. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय: तामाकोशी पाँचौं जलविद्युत आयोजनाको लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारबाही चलाउने अधिकारी तोक्ने।

५. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय: डेडिकेटेड फिडर तथा ट्रङ्क लाइनको विद्युत महसुलको विवाद समाधानको लागि गठित जाँचबुझ आयोगको म्याद तीस दिन थप गर्ने।

६. कृषि तथा पशुपन्छी विकास मन्त्रालय: कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा. गोविन्द प्रसाद शर्माको २०७९ मङ्सिर ५ गतेदेखि ८ गतेसम्मको भुटान भ्रमणको समर्थन गर्ने।

७. कृषि तथा पशुपन्छी विकास मन्त्रालय: २०८० फागुन ८ देखि ११ गतेसम्म थाइल्याण्डको बैंककमा आयोजना हुने Eleventh session of the Asia-Pacific forum for sustainable Development (APFSD) कार्यक्रममा सचिव डा.रेवती रमण पौडेललाई सहभागिताको लागि स्वीकृति दिने।

८. कृषि तथा पशुपन्छी विकास मन्त्रालय: नेपाल कृषि सेवा, भेटेरिनरी समूह, राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव (प्राविधिक) डा. शर्मिला चापागाई काफ्लेको राजीनामा स्वीकृत गर्ने।

९. खानेपानी मन्त्रालय: नेपाल सरकार र एसियाली विकास बैंकबिच भएको ऋण सम्झौताबमोजिम खानेपानी मन्त्रालय अन्तर्गत सहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनाले खरिद गरेका सवारी साधनहरू खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था/समितिहरूलाई हस्तान्तरण गर्न स्वीकृति दिने।

१०. गृह मन्त्रालय: सशस्त्र द्वन्द्वमा घाइते भई अपाङ्गता भएका व्यक्तिहरूको अपाङ्गता प्रतिशत निर्धारण तथा पुनरावलोकन कार्यविधि, २०७४ संशोधन गर्न गृह मन्त्रालयका सचिवको संयोजकत्वमा ९ (नौ) सदस्यीय कार्यदल गठन गर्ने।

११. परराष्ट्र मन्त्रालय: नेपाल र श्रीलंकाबिच कूटनीतिक, विशेष (अफिसियल) र सर्भिस राहदानी बाहकहरूलाई भिसा छुटसम्बन्धी सम्झौतामा हस्ताक्षर गर्ने।

१२. परराष्ट्र मन्त्रालय: नेपालको Institute of Foreign Affairs (IFA) र बंगलादेशको Foreign Service Academy (FSA) बिच MEMORANDUM OF UNDERSTANDING BETWEEN THE INSTITUTE OF FOREIGN AFFAIRS, NEPAL AND THE FOREIGN SERVICE ACADEMY OF THE MINISTRY OF FOREIGN AFFAIRS, GOVERNMENT OF BANGLADESH TO ESTABLISH INSTITUTIONAL RELATIONSHIP विषयको समझदारी पत्रमा हस्ताक्षर गर्न स्वीकृति दिने।

१३. परराष्ट्र मन्त्रालय: श्रीलंकामा कैदीबन्दी जीवन बिताइरहेका श्री चेतबहादुर थापालगायतका तीन नेपाली नागरिकहरूको सजाय मानवीय आधारमा आममाफीका लागि अनुरोध गर्दै सम्माननीय राष्ट्रपतिज्यूबाट श्रीलंकाका महामहिम राष्ट्रपतिज्यूलाई अनुरोध गरी पत्र पठाउनका लागि सम्माननीय राष्ट्रपतिज्यूसमक्ष सिफारिस गर्ने।

१४. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय: अमेरिकाको न्यूयोर्कमा २०८० फागुन २८ देखि चैत ९ सम्म आयोजना हुने संयुक्त राष्ट्र सङ्घीय महिलाको स्थितिसम्बन्धी आयोग (CSW) को ६८ औं सम्मेलनमा भाग लिन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीको नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति प्रदान गर्ने।

**द्रष्टव्य: निर्णयसँगसम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।**

१५. रक्षा मन्त्रालय: नेपाली सेनाको Helicopter Maintenance, Repair & Overhaul (MRO) गर्न पूर्वस्वीकृति प्रदान गर्ने।

१६. रक्षा मन्त्रालय: नेपाली सेना, सैनिक साधारण सेवातर्फका सहायक रथी सुनिल श्रेष्ठसमेत तीन सहायक रथीहरूलाई उपरथी दर्जामा बढुवा गरी पदस्थापन गर्ने।

१७. रक्षा मन्त्रालय: नेपाली सेना, सैनिक साधारण सेवाका उपरथी सागर बहादुर थापासमेत चार उपरथीहरूको सरुवा गर्ने।

१८. वन तथा वातावरण मन्त्रालय: माथिल्लो अरुण जलविद्युत आयोजनाको पहुँच मार्ग निर्माणको लागि राष्ट्रिय वनको जग्गा प्रयोग गर्न दिने।

१९. वन तथा वातावरण मन्त्रालय: माथिल्लो राहुघाट र राहुघाट मंगले जलविद्युत आयोजनाको २२० के.भी. प्रसारण लाइन आयोजना निर्माणको लागि राष्ट्रिय वनको जग्गा प्रयोग गर्न स्वीकृति दिने।

२०. वन तथा वातावरण मन्त्रालय: डाडाखेत-राहुघाट १३२ के.भि. विद्युत प्रसारण लाइन आयोजना निर्माणको लागि राष्ट्रिय वनको जग्गा प्रयोग गर्न दिने।

२१. वन तथा वातावरण मन्त्रालय: सुपर काबेली खोला-ए, सुपर काबेली खोला क्यास्केड र काबेली-३ जलविद्युत आयोजनाको १३२ के.भि. विद्युत प्रसारण लाइन आयोजना निर्माणको लागि राष्ट्रिय वनको जग्गा प्रयोग गर्न स्वीकृति दिने।

२२. वन तथा वातावरण मन्त्रालय: सुपर आँखुखोला जलविद्युत आयोजना निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने।

२३. वन तथा वातावरण मन्त्रालय: सोना खोला जलविद्युत आयोजना निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने।

२४. वन तथा वातावरण मन्त्रालय: शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका विस्थापितहरूको समस्या समाधानका लागि उच्च अदालत इजलास महेन्द्रनगरका पूर्वन्यायाधीश श्री राजेन्द्र सुवेदीको अध्यक्षतामा अधिकारसम्पन्न आयोग गठन गर्ने।

२५. वन तथा वातावरण मन्त्रालय: कोशीटप्पु वन्यजन्तु आरक्षबाट विस्थापितहरूको समस्या समाधान गर्न तीन महिनाभित्र कार्यसम्पन्न गर्ने गरी श्री रकम चेम्जोङको अध्यक्षतामा अधिकारसम्पन्न उच्चस्तरीय आयोग गठन गर्ने।

२६. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय: वैदेशिक रोजगारसम्बन्धी मागपत्र जाँचबुझ (पहिलो संशोधन) निर्देशिका, २०७९ स्वीकृत गर्ने विषयको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने।

२७. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय: मनाङ एयरको हेलिकप्टरहरू दुर्घटना जाँचबुझ गर्न गठित आयोगको म्याद २०८० पुस २६ बाट लागु हुने गरी तीन महिना थप गर्ने।

२८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: रा.प.द्वितीय श्रेणीका श्री शरदकुमार शर्मालाई नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, राजपत्राङ्कित प्रथम श्रेणीको (प्रा.) पदमा बढुवा गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा पदस्थापन गर्ने।

२९. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय: सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशक विकल पौडेललाई पदबाट हटाई सोको जानकारी दिने।

३०. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय: सुरक्षण मुद्रण केन्द्रको लागि आर्थिक वर्ष २०८०/०८१ को असार मसान्तसम्मका लागि अस्थायी दरबन्दी सिर्जना गर्ने।

३१. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय: राष्ट्रिय सूचना प्रविधि केन्द्रको लागि आर्थिक वर्ष २०८०/०८१ को पुस १ गतेदेखि २०८१ साल असार मसान्तसम्मका लागि अस्थायी दरबन्दी सिर्जना गर्ने।

३२. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय: २०८० फागुन १४ देखि १६ गतेसम्म स्पेनको बार्सिलोनामा आयोजना हुने GSMA Ministerial Programme 2024 कार्यक्रममा सहभागी हुन सचिव श्री रामकृष्ण सुवेदीलाई स्वीकृति प्रदान गर्ने।

३३. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय: नेपाल मिडिया काउन्सिलसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

३४. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय: नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्ष पदमा श्री भुपेन्द्र भण्डारी, काठमाडौंलाई नियुक्त गर्ने।

३५. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय: स्थानीय तह मातहत रहेका आँपपिपल अस्पताल गोरखा र बुर्तिवाङ प्राथमिक स्वास्थ्य केन्द्र बाग्लुङलाई ५० शय्याको अस्पतालमा स्तरोन्नति गरी गण्डकी प्रदेश सरकारलाई हस्तान्तरण गर्न स्वीकृति प्रदान गर्ने।

३६. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय: नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को कार्यकारी समितिको सदस्य सचिव पदमा साबिक डडेल्धुरा निवासी डा. प्रमोद जोशीलाई मनोनयन गर्ने।

३७. दूरसञ्चार सेवाप्रदायक कम्पनी, एनसेलको शेयर खरिद बिक्रीसम्बन्धी प्रतिवेदन कार्यान्वयन गर्ने विषयमा देहायबमोजिम गर्ने:

(१) दूरसञ्चार ऐन, २०५३ को दफा २० बमोजिम नेपाल दूरसञ्चार प्राधिकरणलाई सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत देहायबमोजिमको निर्देशन दिने-:

(क) प्रचलित कानूनबमोजिम दूरसञ्चार सेवाप्रदायक कम्पनीले आफ्नो शेयर खरिद बिक्री सम्झौता गर्नुअघि नेपाल दूरसञ्चार प्राधिकरणको स्वीकृति लिनुपर्नेमा नलिएको तथा खरिदकर्ताको प्राविधिक, वित्तीय तथा व्यवस्थापकीय क्षमता पुष्टि हुने कागजात उपलब्ध नगराएको कारण यथास्थितिमा सो शेयर खरिदबिक्रीसम्बन्धी सम्झौता स्वीकार गर्न उपयुक्त नहुने भनी छानबिन समितिबाट दिइएको सुझावसमेतका आधारमा सो सम्झौता यथास्थितिमा स्वीकार नगर्ने। सोको जानकारी सम्बन्धित कम्पनीलाई दिने।

(ख) पूर्वस्वीकृति बिना नै शेयर खरिद बिक्री गरिएकोमा प्रचलित कानूनबमोजिम हदैसम्मको नियमनकारी कारबाही गर्ने।

(ग) अनुमतिपत्र नवीकरणको लागि प्रचलित कानूनबमोजिम लाग्ने नवीकरण दस्तुर बुझाई रीतपूर्वक निवेदन दिएमा र कम्पनीले सञ्चालन गरिरहेको सेवाको निरन्तरता सुनिश्चित गर्न अनुमतिपत्रवालाको प्राविधिक, वित्तीय तथा व्यवस्थापकीय क्षमता पुष्टि हुने देखिएमा अनुमतिपत्रको २५ वर्षको अवधि समाप्त भएपछि दूरसञ्चार ऐन, २०५३ को दफा ३३ बमोजिम दूरसञ्चार सेवासँग सम्बन्धित जग्गा, भवन, यन्त्र, उपकरण तथा संरचनामा नेपाल सरकारको स्वामित्व कायम गर्ने प्रयोजनका लागि अनुमतिपत्रको नवीकरण गर्दाकै बखत सेवा प्रदायक कम्पनीको साबिकमा कायम रहेको शेयर स्वामित्वको संरचनामा कुनै फेरबदल नगर्ने शर्तसमेत समावेश गरी अनुमतिपत्र नवीकरण गर्ने।

(घ) अनुमतिपत्र नवीकरण गर्दाका बखत तोकिएका शर्तहरूको पालना नभएको अवस्थामा दूरसञ्चार ऐन, २०५३ को दफा २८ बमोजिमको कारबाही सुरु गर्ने।

(२) नेपालमा अनुचित रूपमा कर निर्धारण हुने गरेको तथा नियमनकारी अनिश्चितता रहेका कारण लगानीको वातावरण नरहेको भनी आजिआटा बर्हाड, मलेसियाले लगाएको आरोपका सन्दर्भमा विश्व बैंकअन्तर्गतको अन्तर्राष्ट्रिय मध्यस्थताका क्रममा पनि त्यस्ता आरोपहरू लगाई दाबी पेश गरिएकोमा ती आरोपहरू स्थापित हुने प्रमाण पेश गर्न नसकेको भनी सो मध्यस्थताबाट निर्णयसमेत भइसकेको हुँदा आजिआटा बर्हाड, मलेसियाले लगाएका तथ्यहीन आरोपहरूको खण्डन गर्ने।

**द्रष्टव्य: निर्णयसँगसम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।**

३८. दूरसञ्चार सेवाप्रदायक कम्पनी, एनसेलको शेयर खरिद बिक्रीसम्बन्धी प्रतिवेदन कार्यान्वयन गर्ने विषयमा देहायबमोजिम गर्न अर्थ मन्त्रालयमा लेखी पठाउने:
कम्पनीको आर्थिक वर्ष २०७६/७७ देखि हालसम्मको कर परीक्षण बाँकी रहेको देखिँदा तत्काल कर परीक्षण गरी कर दायित्व निर्धारण गरी असुल गर्ने। साथै, यस खरिद बिक्रीबाट आयकर ऐन, २०५८ अन्तर्गत पुँजीगत लाभकर वा संस्थागत आयकर लगायतका कर दायित्व सिर्जना हुने देखिएमा त्यस्ता दायित्वसमेत निर्धारण गरी कर असुल गर्ने।

३९. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय: राष्ट्रिय प्रसारण (बाह्रौं संशोधन) नियमावली, २०८० स्वीकृत गर्ने।

४०. अर्थ मन्त्रालय: बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति दिने।

४१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: प्रोवेशन तथा प्यारोलसम्बन्धी नीति, २०८० स्वीकृत गर्ने।

म.प.बै.सं. ५६।०८०

**संवत् २०८० साल फागुन १४ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:**

१. अर्थ मन्त्रालय: सरकारी कोषको नगद व्यवस्थापनसम्बन्धी कार्यविधि, २०८० स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने।

२. अर्थ मन्त्रालय: २०८० चैत १ देखि ९ सम्म संयुक्त राज्य अमेरिकाको वासिङ्टन डि.सी.मा आयोजना हुने विश्व बैंकसँगको बैठकमा सहभागी हुन माननीय अर्थमन्त्री तथा अर्थ मन्त्रालयका सचिवसमेतको प्रतिनिधिमण्डलाई स्वीकृति प्रदान गर्ने।

३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय: राष्ट्रिय स्टार्टअप उद्यम नीति, २०८० स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने।

४. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय: भेरी कोरिडोर सिँचाइ तथा नदी व्यवस्थापन आयोजनाको कार्यक्षेत्र भेरी कोरिडोरअन्तर्गत पर्ने भेरी नदीसँग जोडिएका स्थानीय तहहरूमा विस्तार गर्ने।

५. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय: नेपाल न्याय सेवा, कानून समूहको राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री निर्मला अधिकारी भट्टराईलगायतका पाँच अधिकृतहरूको सरुवा गर्ने।

६. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय: नेपाल न्याय सेवा, कानून समूहका राजपत्राङ्कित द्वितीय श्रेणीका उपसचिव (कानून) श्री अर्जुन प्रसाद खनाल लगायत तीन अधिकृतहरूलाई नेपाल न्याय सेवा, कानून समूहको राजपत्राङ्कित प्रथम श्रेणीमा बढुवा नियुक्ति तथा पदस्थापन गर्ने।

७. कृषि तथा पशुपन्छी विकास मन्त्रालय: रोल्ड ओट्स (Rolled Oats) को गुणस्तर मापदण्ड निर्धारण गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने।

८. कृषि तथा पशुपन्छी विकास मन्त्रालय: जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८० स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

९. कृषि तथा पशुपन्छी विकास मन्त्रालय: २०८० फागुन २० गतेदेखि २४ गतेसम्म फिलिपिन्समा रहेको International Rice Research Institute (IRRI) मा नेपालको धान क्षेत्रमा आत्मनिर्भरता हासिल गर्ने लक्ष्य सम्बन्धमा छलफल गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री एकनारायण अर्याल, अर्थ मन्त्रालयका सचिव डा.राम प्रसाद घिमिरे र कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा.गोविन्द प्रसाद शर्मालाई सहभागी हुन स्वीकृति प्रदान गर्ने।

१०. गृह मन्त्रालय: सर्लाही जिल्लाका मृतक जयशंकर साहको परिवारलाई आर्थिक सहायता स्वरूप रु. दश लाख रुपियाँ उपलव्ध गराउने।

११. गृह मन्त्रालय: २०८० चैत ४ मा मित्रराष्ट्र रसियामा हुने राष्ट्रपतिको निर्वाचनमा पर्यवेक्षण गर्न तथा २०८० चैत २-३ सम्म आयोजना हुने Electoral Soverignty and International Standards Conference मा सहभागी हुन निर्वाचन आयोगका माननीय निर्वाचन आयुक्त श्री रामप्रसाद भण्डारीलाई स्वीकृति प्रदान गर्ने।
१२. गृह मन्त्रालय: सुनको अवैध पैठारी (तस्करी) नियन्त्रणसम्बन्धी जाँचबुझ आयोगको म्याद २०८० फागुन मसान्तसम्म थप गर्ने।
१३. गृह मन्त्रालय: डा. करुणा वन्तलगायत पाँच नेपाली नागरिकलाई विदेशी मुलुकबाट पदक/प्रशंसा पत्र/पुरस्कार ग्रहण गर्न स्वीकृति दिने।
१४. गृह मन्त्रालय: जाजरकोट जिल्ला केन्द्रविन्दु भई गएको भूकम्पबाट प्रभावित जाजरकोटका र रुकुम पश्चिम जिल्लाका नौ स्थानीय तहहरूलाई एक महिना अवधिको लागि विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्ने।
१५. परराष्ट्र मन्त्रालय: २०८० फागुन १६-१७ गते भारतीय विदेश सचिवसँग द्विपक्षीय भेटघाट एवं छलफल तथा भारतको पुणेमा आयोजना हुने Asia Economic Dialogue (AED २०२४) को Inaugural Session मा सहभागी हुन परराष्ट्र सचिवसहितको प्रतिनिधिमण्डललाई स्वीकृति प्रदान गर्ने।
१६. परराष्ट्र मन्त्रालय: २०८० फागुन ९ देखि ११ गतेसम्म भारतको नयाँ दिल्लीमा आयोजना भएको Raisina Dialogue को नवौं संस्करणमा माननीय परराष्ट्र मन्त्री नेतृत्वको प्रतिनिधिमण्डलको भ्रमणको समर्थन गर्ने।
१७. वन तथा वातावरण मन्त्रालय: सूर्यगढी गाउँपालिका नुवाकोटको प्रशासनिक भवन निर्माणको लागि राष्ट्रिय वनको जग्गा प्रयोग गर्न स्वीकृति दिने।
१८. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय: तिलगङ्गा आँखा विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसदसमक्ष पेश गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।
१९. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय: संयुक्त अरब इमिरेट्सको दुबइमा २०८० फागुन १९ गते आयोजना हुने रोजगार मेलामा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री शरतसिंह भण्डारी र सचिव श्री केवलप्रसाद भण्डारीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने।
२०. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय: नेपाल पर्यटन बोर्डको कार्यकारी समिति सदस्य मनोनयनका लागि नेपाल सरकारसमक्ष सिफारिस गर्न श्री ठाकुरराज पाण्डे, धादिङको अध्यक्षतामा तीन सदस्यीय मनोनयन सिफारिस समिति गठन गर्ने।
२१. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: दलित समुदायको जात, थर सूचीकरणसम्बन्धी विवरण स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने।
२२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: २०८० फागुन २० देखि २९ सम्म संयुक्त अधिराज्य बेलायतको लण्डनमा आयोजना हुने Political & public Life Award २०२४ कार्यक्रममा भरतपुर महानगरपालिकाका प्रमुख श्री रेनु दाहाललाई सहभागी हुन स्वीकृति प्रदान गर्ने।
२३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: २०८० चैत ६ देखि ७ गतेसम्म संयुक्त राज्य अमेरिकाको वासिङ्टन डी.सी.मा आयोजना हुने 21st Annual Transforming Transportation Conference कार्यक्रममा ललितपुर महानगरपालिकाका प्रमुख श्री चिरीबाबु महर्जनलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने।
२४. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: श्री खिमबहादुर रायमाझीसहितका त्रिचालिस राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव पदका कर्मचारीहरूलाई सरुवा गर्ने तथा कामकाज गर्न खटाउने।
२५. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय: नेपाल मेडिकल काउन्सिलको रजिष्ट्रार पदमा सप्तरी जिल्ला निवासी डा. सतिस कुमार देवलाई नियुक्त गर्ने।
२६. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय: स्वास्थ्य सेवाका पाँच कर्मचारीहरूलाई उत्कृष्ट स्वास्थ्य सेवा पुरस्कार/स्वास्थ्य सेवा पुरस्कार प्रदान गर्ने ।

**द्रष्टव्य: निर्णयसँगसम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।**

२७. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय: प्रतिजैविक प्रतिरोध राष्ट्रिय कार्ययोजना (२०८०/८१-२०८४/८५) स्वीकृत गर्ने।
२८. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: सार्वजनिक खरिद (तेह्रौं संशोधन) नियमावली, २०८० स्वीकृत गर्ने।
२९. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाको शर्तसम्बन्धी विधेयक, २०८० सङ्घीय संसदमा पेश गर्न स्वीकृति दिने।
३०. बालकुमारी घटना जाँचबुझ आयोग, २०८० ले पेश गरेको प्रतिवेदन कार्यान्वयनका लागि मिति २०८०/११/२० भित्र सुझाव पेश गर्न माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री र माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रीलाई जिम्मेवारी दिने।

म.प.बै.सं. ५७।०८०

## संवत् २०८० साल फागुन २४ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:

१. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय: अमेरिकाको न्यूयोर्कमा आयोजना हुने "संयुक्त राष्ट्र सङ्घीय महिलाको स्थितिसम्बन्धी आयोग (CSW)" को ६८ औं सम्मेलनमा नेपालको नेतृत्व गर्ने गरी नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार स्वीकृत भएको प्रतिनिधिमण्डलको नेताको सट्टा माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री भगबती चौधरीलाई २०८० फागुन २८ देखि चैत ४ सम्म उक्त कार्यक्रममा सहभागी हुन स्वीकृति दिने।
२. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय: नेपाल फार्मेसी परिषद्को रजिष्ट्रार पदमा महोत्तरी निवासी श्री संजीव कुमार पाण्डेयलाई नियुक्त गर्ने।
३. नेपाल सरकारको प्रवक्तामा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्रीलाई तोक्ने।
४. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव श्री देवकुमारी गुरागाईंले सेवा अवधिको कारणबाट मिति २०८०/११/२६ देखि अनिवार्य अवकाश प्राप्त गर्नुहुने भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।

म.प.बै.सं. ५८।०८०

## संवत् २०८० साल फागुन २८ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: उपन्यायाधिवक्ताद्वय श्री रुद्रप्रसाद पन्थी र श्री उमाकान्त पौडेललाई नेपाल न्याय सेवा, सरकारी वकील समूह, रा.प.प्रथम श्रेणी, सहन्यायाधिवक्ता पदमा बढुवा नियुक्त गरी क्रमश: उच्च सरकारी वकील कार्यालय, सुर्खेत र उच्च सरकारी वकील कार्यालय, नेपालगञ्जमा पदस्थापन गर्ने। साथै, न्यायाधिवक्ता श्री लक्ष्मण उपाध्याय घिमिरेलाई नेपाल न्याय सेवा, सरकारी वकील समूह, रा.प.प्रथम श्रेणी, सहन्यायाधिवक्ता पदमा बढुवा नियुक्त गरी उच्च सरकारी वकील कार्यालय, दिपायलमा पदस्थापन गर्ने ।
२. अर्थ मन्त्रालय: २०८१ वैशाख २० देखि २३ सम्म जर्जियामा आयोजना हुने एसियाली विकास बैंकको ५७ औं वार्षिक बैठकमा सहभागी हुन माननीय अर्थ मन्त्री, अर्थ मन्त्रालयका सचिवसमेतको प्रतिनिधिमण्डललाई स्वीकृति प्रदान गर्ने।
३. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय: कालीगण्डकी रिडी १३२ के.भि. प्रसारण लाइन आयोजनाको क्षतिपूर्ति निर्धारण समितिका अध्यक्ष र सदस्य तोक्ने।
४. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय: उपरजिस्ट्रार श्री प्रेम खड्कालाई नेपाल न्याय सेवा, न्याय समूह राजपत्राङ्कित प्रथम श्रेणीमा बढुवा गरी उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगञ्जको रजिस्ट्रार पदमा पदस्थापन गर्ने।
५. कृषि तथा पशुपन्छी विकास मन्त्रालय: वीरेन्द्रनगर नगरपालिकाको करेखोलामा पशु बधशाला स्थापना गर्न

इजाजत प्रदान गरिएको चार किल्लाभित्र नेपाल राजपत्रमा सूचना प्रकाशन भएको मितिदेखि लागु हुने गरी पशु बधशाला र मासु जाँच ऐन, २०५५ प्रारम्भ गर्ने।

६. गृह मन्त्रालय: गणतन्त्र कोरियामा २०८० चैत २८ मा सम्पन्न हुने २२औं National Assembly Elections को पर्यवेक्षणको लागि निर्वाचन आयोग, नेपालका माननीय निर्वाचन आयुक्त श्री सगुन शमशेर जबरालाई सहभागी हुन स्वीकृति प्रदान गर्ने।

७. परराष्ट्र मन्त्रालय: संयुक्त राष्ट्र सङ्घका मानव अधिकार परिषद्को सन् २०२७-२०२९ र सामाजिक तथा आर्थिक परिषद्को सन् २०२९-२०३१ अवधिको लागि सदस्य पदमा नेपालको उम्मेदवारी पेश गर्न परराष्ट्र मन्त्रालयलाई स्वीकृति दिने।

८. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय: नाम्खा गाउँपालिका हुम्लालाई १५ शय्याको आधारभूत अस्पताल भवन निर्माण तथा प्रशासकीय भवन निर्माणका लागि सरकारी जग्गा उपयोग गर्न स्वीकृति दिने।

९. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय: सडक दस्तुर उठाउने (कार्यविधि) नियमावली, २०८० स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

१०. रक्षा मन्त्रालय: नेपाली सेना, सैनिक साधारण सेवाका महासेनानी मचिन्द्र थापासमेत उन्नाइस जना महासेनानीहरूको सरुवा गर्ने।

११. रक्षा मन्त्रालय: नेपाली सेना, सैनिक साधारण सेवाका सहायक रथी हेमराज के.सी.समेत तेह्र जना सहायक रथीहरूको सरुवा गर्ने।

१२. रक्षा मन्त्रालय: नेपाली सेना, सैनिक साधारण सेवाका महासेनानी शशि किरण रायमाझीसमेत छ जना महासेनानीहरूलाई सहायक रथी दर्जामा बढुवा गरी पदस्थापन गर्ने।

१३. रक्षा मन्त्रालय: नेपाली सेना, सैनिक साधारण सेवातर्फका सेनानी बालकुमार सुनुवारलाई अवकाशपूर्व प्रमुख सेनानी पदमा मानार्थ बढुवा गर्ने।

१४. रक्षा मन्त्रालय: उपरथी श्री अनुप जंग थापालाई २०८० चैत २४ देखि २०८१ वैशाख १ सम्म मित्रराष्ट्र अमेरिकाको National Defense University (NDU) मा हुने अध्ययन भ्रमणमा सहभागी हुन स्वीकृति दिने।

१५. वन तथा वातावरण मन्त्रालय: अप्पर मादी-० खोला जलविद्युत आयोजनाको निर्माणका लागि संरक्षित क्षेत्रभित्रको राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने।

१६. वन तथा वातावरण मन्त्रालय: खानी खोला-१ जलविद्युत आयोजनालाई सट्टाभर्ना जग्गा उपलब्ध गराउने कार्यको लागि निर्णय भएको मितिदेखि छ महिना म्याद थप गर्ने।

१७. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय: हवाई यातायात सेवा सञ्चालन संस्थाको दायित्व तथा बिमा व्यवस्था गर्ने विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने।

१८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: सहसचिव श्री शरदकुमार शर्मासहितका राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव पदका दुई जना कर्मचारीहरूको सरुवा गर्ने ।

१९. देहायका प्रदेशका प्रदेश प्रमुखहरूलाई पदमुक्त गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने-

    १. श्री हरिशंकर मिश्र, मधेश प्रदेश,
    २. श्री पृथ्वीमान गुरुङ, गण्डकी प्रदेश,
    ३. श्री देवराज जोशी, सुदूरपश्चिम प्रदेश।

२०. देहायका व्यक्तिहरूलाई देहायको प्रदेशको प्रदेश प्रमुखमा नियुक्त गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने-

    १. मधेश प्रदेश: श्री सुमित्रा सुवेदी भण्डारी, झापा,
    २. गण्डकी प्रदेश: श्री डिल्लीराज भट्ट, कैलाली,
    ३. सुदूरपश्चिम प्रदेश: श्री नजिर मियाँ, अर्घाखाँची।

२१. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका अधिकृतहरू श्री एक नारायण अर्याल र श्री दिनेश भट्टराईको सरुवा गर्ने ।

**द्रष्टव्य: निर्णयसँगसम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।**

२२. मन्त्रिपरिषद्का समितिमा हेरफेर गरी देहायबमोजिम मन्त्रिपरिषद्का समितिहरू पुनर्गठन गर्ने-

(क) मन्त्रिपरिषद् राजनैतिक समिति

| | | |
|---|---|---|
| १. **सम्माननीय प्रधानमन्त्री** | - | **संयोजक** |
| २. माननीय उपप्रधामन्त्री तथा भौतिक पूर्वाधार तथा यातायात मन्त्री | - | सदस्य |
| ३. माननीय उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्री | - | सदस्य |
| ४. माननीय उपप्रधानमन्त्री तथा गृह मन्त्री | - | सदस्य |
| ५. माननीय उपप्रधानमन्त्री तथा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री | - | सदस्य |
| ६. माननीय अर्थ मन्त्री | - | सदस्य |
| ७. माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री | - | सदस्य |
| ८. माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री | - | सदस्य |
| ९. माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री | - | सदस्य |

(ख) मन्त्रिपरिषद् प्रशासन समिति

| | | |
|---|---|---|
| १. **माननीय उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्री** | - | **संयोजक** |
| २. माननीय अर्थ मन्त्री | - | सदस्य |
| ३. माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री | - | सदस्य |
| ४. माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री | - | सदस्य |
| ५. माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री | - | सदस्य |
| ६. माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री | - | सदस्य |
| ७. माननीय खानेपानी मन्त्री | - | सदस्य |
| ८. माननीय रक्षा मन्त्री | - | सदस्य |
| ९. माननीय युवा तथा खेलकुद मन्त्री | - | सदस्य |

(ग) मन्त्रिपरिषद् सामाजिक समिति

| | | |
|---|---|---|
| १. **माननीय उपप्रधानमन्त्री तथा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री** | - | **संयोजक** |
| २. माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री | - | सदस्य |
| ३. माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री | - | सदस्य |
| ४. माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री | - | सदस्य |
| ५. माननीय खानेपानी मन्त्री | - | सदस्य |
| ६. माननीय रक्षा मन्त्री | - | सदस्य |
| ७. माननीय शहरी विकास मन्त्री | - | सदस्य |
| ८. माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री | - | सदस्य |
| ९. माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री | - | सदस्य |
| १०. माननीय वन तथा वातावरण मन्त्री | - | सदस्य |

(घ) मन्त्रिपरिषद् आर्थिक तथा पूर्वाधार समिति

| | | |
|---|---|---|
| १. **माननीय उपप्रधानमन्त्री तथा भौतिक पूर्वाधार तथा यातायात मन्त्री** | - | **संयोजक** |
| २. माननीय अर्थ मन्त्री | - | सदस्य |
| ३. माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री | - | सदस्य |
| ४. माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री | - | सदस्य |

| | | |
|---|---|---|
| ५. मानननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री | - | सदस्य |
| ६. माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री | - | सदस्य |
| ७. माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री | - | सदस्य |
| ८. माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री | - | सदस्य |
| ९. माननीय शहरी विकास मन्त्री | - | सदस्य |
| १०. माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री | - | सदस्य |
| ११. माननीय वन तथा वातावरण मन्त्री | - | सदस्य |

(ङ) मन्त्रिपरिषद् विधेयक समिति

| | | |
|---|---|---|
| **१. माननीय उपप्रधानमन्त्री तथा गृह मन्त्री** | **-** | **संयोजक** |
| २. माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री | - | सदस्य |
| ३. माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री | - | सदस्य |
| ४. माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री | - | सदस्य |
| ५. माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री | - | सदस्य |
| ६. माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री | - | सदस्य |
| ७. माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री | - | सदस्य |
| ८. माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री | - | सदस्य |
| ९. माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री | - | सदस्य |
| १०. माननीय युवा तथा खेलकुद मन्त्री | - | सदस्य |